BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# '*ऋग्वेद*'मा विश्वदृष्टि

**धनेश्वर भट्टराई**

नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, भरतपुर, चितवन
E-mail: bhattaraidhaneshwor46@gmail.com

Received: July 30, 2022, Accepted: Nov. 30, 2022

**सारसङ्क्षेप**

*साहित्यको समाजशास्त्रीय सिद्धान्तले साहित्यका माध्यमबाट व्यक्त हुने समाजको अध्ययन विश्लेषण गर्दछ। साहित्य स्रष्टाको व्यक्तिगत सिर्जना भए पनि त्यसमा आफू बाँचेको समय र समाजका विविध पक्षहरू प्रतिबिम्बित भएका हुन्छन्। साहित्यमा समाज वा समुदायका सामाजिक प्रचलन, जातीय स्वरूप, धार्मिक आचरण, सांस्कृतिक परम्परा, आर्थिक अवस्था, तत्कालीन विचार वा चिन्तनगत धारणा कस्तो छ वा रहेछ भन्ने थाहा पाउन सकिन्छ। यही सन्दर्भमा साहित्यको समाजशास्त्रीय सिद्धान्तअन्तर्गत विश्वदृष्टिका आधारमा ऋग्वेदन्मा अभिव्यक्त तत्कालीन समाज वा समुदायका विचार वा चिन्तनको अध्ययन विश्लेषणका साथ मूल्याङ्कन गरिएको छ।*

**शब्दसूची** : *ऋग्वेद, ऋचा, वाङ्मय, वैदिक धारा, स्तुति।*

## १. विषयपरिचय

पूर्वीय वाङ्मयमा *वेद*लाई प्राचीन ग्रन्थ मानिन्छ। तीमध्ये *ऋग्वेद* झन् सर्वप्राचीन कृतिका रूपमा हेरिन्छ। *वेद*हरूले मानवीय सभ्यताको प्रारम्भकालीन समयका विविधतालाई आफूमा समेटेका छन्। *वेद*हरू सिङ्गो वैदिक वाङ्मयका आदिस्रोत मानिन्छन्। *ऋग्वेद, यर्जुवेद, सामवेद, अथर्ववेद*मध्ये *ऋग्वेद*लाई मानिसद्वारा गाइएको संसारकै पहिलो कर्मगीत मान्न सकिन्छ। *ऋग्वेद* अध्ययनबाट पूर्वीय जगत्को प्राचीन सामाजिक, धार्मिक, ऐतिहासिक, जातीय विविधता र तत्कालीन सामाजिक चेतनाका अनेक रूपहरू देख्न पाइन्छ (भट्टराई, २०७३ : पृ. ७७)। तसर्थ वेदलाई महत्त्वपूर्ण ग्रन्थका रूपमा हेरिन्छ।

'वेद' शब्दले विविध अर्थ प्रदान गर्ने भए पनि यस चराचर जगत्, ब्रह्माण्ड, प्रकृति, समय, समाज, धर्म आदिको ज्ञान वा बोध भन्ने जनाउँछ। वेदको रचनाकार को हो भन्नेबारेमा पनि मतैक्य पाइँदैन। वेदहरू श्रुतिपरम्परामा आएका हुँदा अनादिकालदेखि शाश्वत् र निरन्तर रहेकाले यी कुनै व्यक्तिले नबनाएका अपौरुषेय हुन् र वेदका स्रष्टा वा मन्त्रद्रष्टा प्राचीन ऋषिहरू नै भएका मान्न सकिन्छ। *ऋग्वेद*मा अनेक ऋषिहरूको नामोल्लेख पाइए पनि मन्त्रद्रष्टा ऋषिहरूमा वशिष्ठ, विश्वामित्र, भारद्वाज, कण्व, गृत्समद, वामदेव, अङ्गीरस आदि ऋषिहरू प्रमुख मानिन्छन् (गड्तौला, २०६९ पृ. १-३)।

ऋग्वैदिककालीन प्राचीन ऋषिहरू पूर्वीय आर्षसमाज र सभ्यताका संस्थापकका रूपमा देखिन्छन्। उनीहरूले वैदिक ऋचाहरूमा प्रकृति, मानवीय जीवन, समाज, सभ्यता र सिङ्गो ब्रह्माण्डको अर्चना र उपासनाका साथ उच्च जीवनप्राप्तिको कामनासमेत गरेको पाइन्छ। त्यस समयमा आर्यहरूबाहेक अर्थात् वैदिकेतर/अवैदिक मानवजातिको अवस्थिति र अस्तित्व त्यहाँ थियो वा थिएन भन्ने यकिनका साथ भन्न सक्ने प्रमाण नभेटिए पनि आर्यहरूको आगमन हुनुभन्दा अघिदेखि नै त्यहाँ मानवजातिको बसोवास रहेको सङ्केत वेदमै पाउन सकिन्छ। वैदिक यज्ञप्रथा नमान्नेलाई 'अयज्ञा' भनिएको छ (ऋक्. ७।६।३)। आर्यजातिले पराक्रमी र वीर मानेर अभ्यर्थना गरिएका इन्द्रलाई नमान्ने वा तीप्रति वैरभाव राख्नेलाई 'अनिद्रा' भनी घृणा गरिएको छ (ऋक्. १०।४७।७)। इन्द्रलाई त्यस्ता दस्युहरूका सयौँ अयोमय दृढ किल्ला, नगरहरू ध्वस्त गर्न सक्ने बलशाली व्यक्तिका रूपमा प्रशंसा गरिएको छ (ऋक्. २।२०।८)। यसप्रकार वेदमा वैदिक आर्यजातिले आफ्नो सभ्यताको विकासका क्रममा वृत्र, धुनी, चुमरी, पणि, वेतसु, नृमर, सहवसुजस्ता अयज्ञा, अनिद्रा, दस्यु वा असुर नाम दिइएका अनेक वैदिकेतर व्यक्ति र जातिसँग सङ्घर्ष गर्नुपरेका प्रसङ्गहरू वेदमा पाइन्छन्। वेदका अनेक ऋचाहरूमा सङ्केत गरिएका यस्ता द्वन्द्व, युद्ध वा सङ्घर्षद्वारा आर्यहरूले वैदिक समाज र सभ्यतालाई दिशानिर्देश गर्दै अग्रगति दिएको पाइन्छ। यही सन्दर्भमा तत्कालीन आर्यजातिमा के-कस्तो सामाजिक चिन्तनधारा प्रवाहित भएको थियो भन्ने कुरालाई साहित्यका समाजशास्त्रीय सिद्धान्त वा विश्वदृष्टिका आधारमा विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

### १.१ समस्याकथन

*ऋग्वेद*का मन्त्रहरूमा पूर्वीय प्राचीनसभ्यताका प्रारम्भिक वा उषाकालीन समय र समाजका अवस्थिति, गति र चिन्तनका भावहरू अभिव्यक्त भएका छन् । तिनमा तत्कालीन प्रकृति, समाज र संस्कृति मात्र होइन उच्चताबोध, अग्रगति र समष्टिबोधी भावचेतनासमेत उद्‌बोधन भएको छ । ऋचाहरूको तत्त्वगत अध्ययनका क्रममा 'ऋत' र 'सत्य'प्रतिका धारणा कस्ता थिए र ऋग्वैदिककालीन समाजको मूल उद्देश्य के थियो भन्ने विश्वदृष्टिसम्बन्धी प्राज्ञिक जिज्ञासा उत्पन्न हुन्छ र यस अध्ययनमा विश्वदृष्टिकोणका तिनै पक्षहरूलाई समस्याका रूपमा ग्रहण गरिएको छ ।

### १.२ अध्ययनको उद्देश्य

*ऋग्वेद* पूर्वीय समाज, सभ्यता, संस्कृति र चिन्तनको आदिस्रोत रहेको छ । वेदका ऋचा/मन्त्रहरूमा तत्कालीन ऋषिसभ्यतामा प्राकृतिक सत्य र सामाजिक उन्नति तथा प्राप्तिबारे यावत् पक्षहरू अङ्कित भएका छन् । यी तत्त्वहरू नै विश्वदृष्टिका अन्तर्वस्तु भएकाले तिनको साक्ष्यपूर्वक मूल्याङ्कन गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

### २. अध्ययनविधि

यो अध्ययन साहित्यको समाजशास्त्रीय विधिमा आधारित छ । *ऋग्वेद*जस्तो प्राचीनतम ग्रन्थमा अभिव्यक्त चिन्तन वा विचारलाई एउटा आलेखमा समेटेर अभिव्यक्ति प्रदान गर्नखोज्नु असम्भवप्रायः देखिन्छ । *ऋग्वेद*मा दस मण्डल र तेह्र सय अठ्ठाइस सूक्तहरू छन् । ती सूक्तअन्तर्गत करिब चार सय ऋषि र ऋषिकाहरूद्वारा दृष्ट तेह्र हजार ऋचाहरू रहेका छन् । त्यसमध्ये जम्मा उन्नाइस ऋषि र ऋषिकाहरूद्वारा रचित एकचालिस ऋचाहरूमा अभिव्यक्त भावचिन्तनलाई आधार मानी यस अध्ययनमा विश्वदृष्टिसम्बन्धी अवधारणा तयार गरिएको छ । यसक्रममा ऋषि गृत्समद भार्गव शौनकका तीन, संवननका तीन, वामदेव गौतम सात र अप्रतिरथ ऐन्द्रका तेह्रवटा ऋचालाई लिइएको छ । अन्य बाँकी पन्ध्र ऋषि र ऋषिकाका एक-एकवटा ऋचामा व्यक्त भावलाई ग्रहण गरी अध्ययन गरिएको छ । उपर्युक्त ऋषि र ऋषिकाहरूद्वारा दृष्ट ती ऋचाहरूले समग्र *ऋग्वेद*को चिन्तन वा विचारको प्रतिनिधित्व गरेका छन् । वैदिककालीन समाज, जीवन, सामाजिक जीवनपद्दति, धर्ती र प्रकृतिको उत्पत्ति, त्यसको महत्ता, आवश्यकता र उपयोगितासम्बन्धी दृष्टिकोण, ऋत र सत्यप्रतिका तत्कालीन विचार एवम् सामाजिक र वैयक्तिक जीवनको उत्तरोत्तर विकासका निम्ति आवश्यक 'बहुजन हिताय बहुजन सुखाय'जस्ता समष्टिबोधी भावचेतना विश्वदृष्टिका रूपमा विकसित सार्वदेशिक र सार्वकालिक चिन्तन रहेका छन् । वर्तमानमा *ऋग्वेद*का त्यस्ता भावचिन्तनलाई चिरन्तन र शाश्वत्‌रूपमा हेरिँदै र ससम्मान अङ्गिकार गरिँदै आएका सन्दर्भमा विश्वदृष्टिसम्बन्धी बृहत् एवम् सूक्ष्मतम चिन्तनहरू छरिएका पाइन्छन् । त्यसको अध्ययनका निम्ति पुस्तकालयीय विधिको उपयोग गरी प्राप्त प्राथमिक र द्वितीयक स्रोतबाट विश्लेष्य सामग्री ग्रहण गरिएको छ । प्रस्तुत अध्ययनमा सैद्धान्तिक आधार एवम् विमर्शका लागि विषयसम्बद्ध कृति, सन्दर्भपुस्तक, पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख-रचना आदिको सहयोग लिइएको छ । यसरी प्राप्त सामग्रीहरूको विश्लेषण र मूल्याङ्कनका क्रममा साक्ष्यका साथ आवश्यकतानुसार वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले गुणात्मक ढाँचालाई आत्मसात् गरेर अध्ययनलाई पूर्णता दिइएको छ । यस आलेखमा एपिए पद्धतिको अनुसरण गरी प्रस्तुतीकरण गरिएको छ ।

### २.१ सैद्धान्तिक पर्याधार

साहित्य समाजको उत्पादन हो । समाज सामाजिक समुदायबिचको अन्तःसम्बन्धको विकास हो भने साहित्य त्यसकै प्रतिबिम्ब हो । साहित्यमा समाजका विविध रूपहरू कुनै न कुनै रूपमा प्रतिबिम्बित भएका हुन्छन् । समाजबाट साहित्य जन्मने र साहित्यमा समाज झल्कने हुँदा समाज र साहित्य अन्योन्याश्रित रहेकाले साहित्यलाई समाजसँग जोडेर गरिने वैज्ञानिक अध्ययन पद्धति नै साहित्यको समाजशास्त्र हो ।

साहित्यको समाजशास्त्रद्वारा कृतिको अध्ययनार्थ साहित्यिक समाजशास्त्रीहरूले अनेक पद्धतिहरूको विकास गरेका छन् र तीमध्ये विश्वदृष्टि एउटा पद्धतिका रूपमा प्रचलित छ । साहित्यचिन्तक लुसियें गोल्डमानद्वारा प्रतिपादित र बहुप्रचलित यस सिद्धान्तले साहित्यिक कृतिलाई कुनै लेखकको भए पनि लेखकको अन्तर्वैयक्तिक वा सामाजिक सम्बन्धका कारण कृतिले

त्यस समुदाय, वर्ग वा समूहको भावनाको प्रतिनिधित्व गरेको हुन्छ। विश्वदृष्टि निर्माण हुँदैन बरू समाजका अन्य वर्ग र मानिसहरू त्यस विश्वदृष्टिनिर्माणमा सहभागी बनेका हुन्छन्। कुनै वर्गको पूर्णतम सम्भावित चेतनाले नै विश्वदृष्टिको निर्माण गर्दछ जसको अभिव्यक्ति धर्म, दर्शन, कला र साहित्यमा भएको हुन्छ (पाण्डेय, सन् १९८९ : पृ. १४८)। गोल्डमानका अनुसार लेखक समाजका अन्य व्यक्तिहरूको विचारबाट प्रभावित रहन्छ र कृतिमा उसको कल्पना मात्र नभई समाजका अरू व्यक्ति र वर्गका विचारहरू व्यक्त भएका हुन्छन्। विश्वदृष्टिले समग्र जीवनको अभिव्यक्ति गर्दछ र त्यसमा समाज, समूह र वर्गको चेतना समाहित रहन्छ। प्रतिभासम्पन्न व्यक्तिले विश्वदृष्टिलाई सिर्जनात्मक विचारको स्तरमा मूर्तरूप दिन्छन् र त्यसमा धेरैभन्दा धेरै सुसङ्गति ल्याउने प्रयास गर्दछन् (जैन, सन् १९९२ : पृ. १०१)। साहित्यशास्त्री गोल्डमानले साहित्यिक कृति, इतिहास र सामाजिक समूहको विश्वदृष्टिको संरचनात्मक सम्बन्धको खोजी गरेका छन् र त्यसमा दोहोरो प्रक्रिया रहेको मानेका छन्। उनले कृतिमा अभिव्यक्त समाज र समाजबाट प्रभावित कृति अर्थात् साहित्यका आधारमा समाज र समाजका आधारमा कृतिको खोजी गरेका छन्। उनले कृतिमा अभिव्यक्त संसार र वर्ग वा समूहको विश्वदृष्टिको संरचनात्मक सम्बन्धका बिचमा समानधर्मिताको पहिचान गराएका छन् (पाण्डेय, सन् १९८९ : पृ. १५२)।

यसप्रकार हरेक कृतिले रचनाकारको चिन्तन र अनुभूतिलाई अभिव्यक्त गरेको हुन्छ, जुन उसले त्यस समाजका अन्य व्यक्तिहरूबाट ग्रहण गरेको हुन्छ। समाजको कुनै वर्ग वा समुदायको विचारलाई आफ्नो रचनामा समाहित गर्दा कृति त्यस वर्ग वा समूहको उपजको रूपमा रहने भएकाले कुनै एउटा वर्ग वा समुदायको पूर्णतम सम्भावित चेतनाले विश्वदृष्टिको निर्माण गरेको हुन्छ।

### २.२ *‘ऋग्वेद’*मा अभिव्यक्त विश्वदृष्टि

*ऋग्वेद* पूर्वीय हिन्दुआर्य वा वैदिकसभ्यताको सर्वप्राचीन सामाजिक दस्तावेजका रूपमा रहेको छ। यद्यपि वैदिक आर्यहरूको आगमनपूर्व पनि त्यहाँ मानवसमाज रहेको सङ्केत पाइन्छ। वैदिकआर्यहरूको सभ्यता विकासका क्रममा ती वैदिकेतर वा अवैदिक जाति या प्राग्वैदिक मानवसमूहसँग आर्यहरूले युद्ध गरेर तिनलाई पराजित गरेका अथवा लामो समयसम्म द्वन्द्व भइरहेको र तिनलाई अयज्ञा, दस्यु, असुर आदि नाम दिइएको देखिन्छ। वैदिकसमाज विकासका क्रममा देवताको आगमनपूर्व असुरहरू त्यहाँ रहेको हुनु धेरै सम्भव देखिन्छ। प्राग्वैदिकजातिलाई नै असुरवाची ‘पूर्वदेवा’, ‘सुरद्विष’ शब्द प्रयोग गरेको पाइन्छ (शास्त्री, सन् २०१० : पृ. ४४)। यसरी वैदिक आर्यजातिले आफ्नो समाज विकासमा पूर्ववर्ती वैदिकेतर जातिसँग युद्ध गरेर आफ्नो समाजको विकास गरेका थिए। त्यसैले वैदिकधर्म र संस्कृतिलाई निगमागमका रूपमा हेरिएको हो भन्ने मत प्रबल देखिन्छ (शास्त्री, सन् २०१० : पृ. ४३)

वैदिकआर्यहरू सर्वात्मवादी भएको कुरा *ऋग्वेद*मा पाइन्छ। उनीहरू प्रकृतिपरक जीवन सभ्यतामा अघि बढ्दै गर्दा प्रकृति र यस चराचरजगत्का यावत् पक्ष र वस्तुलाई उनीहरूले सम्बोधन गरेका छन्। वैदिक सन्दर्भमा ‘ऋषि’ र ‘मुनि’ दुई शब्दको प्रयोग धेरै गरिएको पाइन्छ। ‘ऋषि’ शब्दले वैदिककालका ऋषि-महर्षिलाई जनाउँछ। ऋषिहरू प्रवृत्तिमार्गी थिए। तिनीहरू पूर्ववर्ती मानवसमाजसँग द्वन्द्व र सङ्घर्ष गर्दै लगनका साथ आफ्नो समाज र सभ्यताका विकासमा अग्रसर थिए। मुनिहरू अलि भिन्न थिए। मुनि निवृत्तमार्गी थिए। ऋषि र मुनिमा निकै अन्तर देखिन्छ। वैदिक ‘ऋषिसम्प्रदाय’पछि हिंसामूलक, मांसाहारी र तन्मूलक असहिष्णुतातिर देखिए भने ‘मुनिसम्प्रदाय’ अहिंसामूलक, निरामिषता तथा विचार सहिष्णुतातर्फ अग्रसर बनेका कुरा पछिल्ला चरणका ग्रन्थहरूमा पनि पाउन सकिने कुरा उल्लेख गरिएको छ (शास्त्री, सन् २०१० : पृ. ४७)।

जुन जातिले जस्तो विचार र चिन्तनमा विश्वास गर्दछ, उनीहरूको कर्म पनि त्यस्तै हुन्छ, कला-साहित्य र संस्कृति पनि त्यसरी नै अघि बढेको हुन्छ। वैदिकयुगका आर्यहरू निवृत्तवादी थिएनन्। यो संसारलाई उनीहरू त्याग गरिने वस्तुभन्दा पनि भोग गरिने वस्तु मान्दथे। उनीहरूमा नरकको कल्पना पनि आएको थिएन। उनीहरूमा विश्वास थियो कि पराक्रमी मानिसले जसरी जिउँदै छँदा सुखभोग गर्छ, मरेपछि उसले स्वर्गमा पनि त्यस्तै सुखभोग गर्छ। “हे इन्द्र ! हाम्रा घोडालाई मजबुत बनाऊ, हाम्रा छोरा (सन्तान) लाई बलवान् बनाऊ” (दिनकर, सन् २००८ : पृ. ११)। यस्तो प्रार्थना तिनैले गर्न सक्छन् जसले जीवनको सत्य, धर्तीको सुख र कर्म-कीर्तिको स्थान र महत्त्व बुझेका हुन्छन्।

जुन रचनाहरूमा समानधर्मिता धेरैभन्दा धेरै सुसङ्गतरूपमा प्रकट भएको हुन्छ, ती रचनाहरू महान् हुन्छन् (पाण्डेय, सन् १९८९: पृ. १५०) भन्ने साहित्यिक समाजशास्त्री गोल्डम्यानका भनाइ *ऋग्वेद*का ऋचाहरूमा घटित हुनसक्ने देखिन्छ।

*ऋग्वेद*मा कहींकतै व्यक्तिगत लाभ, प्राप्ति र स्वार्थको लागि कुनै पनि देवताका सामु प्रार्थना या बन्दना गरिएको पाइँदैन। एकता, सामूहिकप्राप्ति र समष्टिगत उपलब्धिका निम्ति नै यावत् प्रयत्नहरू गरिएको पाइन्छ। वैदिककाल वैदिक आर्यजातिको जिउँदो-जाग्दो वैदिक आदर्शको नमुना बनेको देखिन्छ। त्यसबेला आर्यजातिका हृदयमा जुन उत्साहको भाव मडारिएको थियो, जुन ओज बगेको थियो, त्यसको प्रत्यक्ष दर्शन आज पनि *ऋग्वेद*का मन्त्रहरूमा गर्न सकिन्छ (ऋक्.१०।१०३।१-१३)। *ऋग्वेद*का ऋचाहरू तत्कालीन कर्मशील आर्यजातिका युद्धगीतजस्ता देखिन्छन्। *ऋग्वेद*का मन्त्रहरूका विशेषता भनेकै तिनमा अभिव्यक्त सामूहिकता वा समष्टिको भावना नै हो। तिनमा प्रायः एक वचनको प्रयोग नभई बहुवचनको प्रयोग गरिएको देखिन्छ। सामाजिक अस्तित्व, सामाजिक विकास र सामूहिक रक्षाका निम्ति समष्टिबोधी चिन्तन किन महत्त्वपूर्ण बन्नसक्छ भन्ने दृष्टान्त *ऋग्वेद*का ऋचाहरूले दिएका छन्।

प्रकृतिपूजक र सर्वदेववादी-सर्वात्मवादी प्राचीन आर्यजातिले द्यावा, पृथ्वी र अन्तरिक्षका सम्पूर्ण तत्त्व र वस्तुलाई आदर गर्दथे। पृथ्वी, सूर्य, चन्द्र, वायु, अग्नि, वरुण आदि धेरैलाई देवताका रूपमा पूजन गर्दथे। तिनै उपास्य देवताका सहयोगबाट नै उनीहरूले शक्ति र सामर्थ्य आर्जन पनि गरेका थिए। प्रकृतिका समस्त पक्ष र पाटाहरूको परस्पर अविरोध भाव र कर्मद्वारा उद्दीप्त आर्यजातिले ऋग्वैदिककालीन सामाजिक चिन्तनको उत्कृष्ट र सुन्दर रूप ऋचाहरूमा अभिव्यक्ति गरेको देखिन्छ :

> हे मानिस, परापूर्वदेखि विद्यमान र सर्वशक्तिसम्पन्न चन्द्र, सूर्य, वायु, अग्नि र देव परस्पर अविरोध भावले आफ्नो-आफ्नो काम गर्छन्, त्यसैगरी तिमीहरू पनि समष्टि भावनाले प्रेरित भएर एक कार्यमा लाग, एकमत बन र परस्पर सद्भाव देखाऊ। (ऋक्.१०।१९१।२)

वैदिकआर्यहरू अरू सबैको भलाइमा आफ्नो भलाइ सम्झने वा समष्टिको हितमा नै आफ्नो हित ठान्ने समष्टिबोधी चेतनाद्वारा प्रेरित थिए। उनीहरूमा आशावादी जीवनदृष्टि विकसित भएको थियो। उनीहरू भावनात्मक दृष्टिले पवित्र र निर्मल थिए। कल्याणको चाहना, वीरताको भावना, दृढ आत्मविश्वास, निर्भयता र उत्तरोत्तर प्रगतिको कामना ऋग्वैदिककालीन सामाजिक चिन्तनको उद्देश्य र अभिप्राय रहेको *ऋग्वेद*का ऋचाहरूमा व्यक्त भएका छन्।

*ऋग्वेद*कालीन सामाजिक चिन्तन, कर्मपद्धति र व्यवहारमा एकरूपता रहेको देखिन्छ। वैदिक आर्यजातिका निम्ति यस चराचर जीवनजगत्लाई हेर्ने र पर्गेल्ने मुख्य दुई महान् तत्त्व 'ऋत' र 'सत्य' थिए। भौतिकजगत् वा विश्वप्रकृति उनीहरूका निम्ति महत्त्वपूर्ण थियो भने त्यस जगत्को वास्तविकता वा यथार्थ सत्य थियो र यसै चिन्तनको जगमा अनेक चिन्तनहरू विकसित भएका देख्न सकिन्छ।

साहित्यिक समाजशास्त्री गोल्डम्यानले विश्वदृष्टि व्यक्तिमा नभई समूह र वर्गमा रहेको हुन्छ र त्यो कुनै पनि समाज-जाति वा समूहको धर्म, दर्शन, कला र साहित्यमा अभिव्यक्त हुन्छ भन्ने मानेका छन्। विश्वदृष्टि अनुभवगम्य वास्तविकता नभई वैचारिक प्रारूप हो, यसको विकास हुन्छ र निश्चित कालखण्डमा त्यस समूह वा जातिको विचार, अनुभूति र व्यावहारिक समग्रतामा दर्शन, कला र साहित्यका माध्यमबाट व्यक्त हुन्छ (पाण्डेय, सन् १९८९ : पृ. १४८-१४९) भनेका छन्। पूर्वीय प्राचीन ग्रन्थ *ऋग्वेद* आर्यजातिले जगत् र जीवनबारे गाएको प्रथम गीत हो। यसमा वैदिककालीन समाज, जीवन, सामाजिक जीवनपद्धति, सृष्टि, धर्ती र प्रकृतिबारेका दृष्टिकोण, संस्कृति, दर्शन, अभ्यर्थना, उपासना, अर्चना आदि विविध चिन्तनधारा अभिव्यक्त भएका पाउन सकिन्छ। *ऋग्वेद* तत्कालीन आर्यजातिका यथार्थ, आदर्श र आकाङ्क्षाहरूको अभिव्यक्ति बनेर सामाजिक दस्तावेजका रूपमा रहेको छ। *ऋग्वेद*मा अभिव्यक्त तत्कालीन आर्यजातिका केही चिन्तनलाई यहाँ प्रस्तुत गरिएको छ।

### २.३ ऋत र सत्यप्रतिको विश्वास

ऋग्वैदिककालीन आर्यहरू प्रवृत्तमार्गी दृष्टिका थिए। उनीहरू यो चराचरजगत्लाई नै वास्तविक मान्दथे। 'ऋत' अर्थात् प्रकृति र प्राकृतिक नियमहरूलाई अनुकरण र अनुशरण गर्दै जीवन र समाजको उन्नति-प्रगति गर्न चाहन्थे। यो सकल धर्ती र समुद्रसमेत ऋत वा सत्यबाट उत्पत्ति र सञ्चालन भएका तथा दिन र रात पनि ऋत र सत्य रहेको मानेका छन् (ऋक्. १०।१९०।१)। उनीहरूले *ऋग्वेद*का अनेक मण्डल, सूक्त र ऋचाहरूमा यसबारे परिचर्चा गरेका छन्। ऋत र सत्यकै आधारमा मित्रावरुणको प्रार्थना गरेका छन् (ऋक्. १।२।८)। संसार वा यो दुनिया भन्नु नै आर्यहरूका दृष्टिमा ऋत वा सत्य थियो। त्यसकै कारण गाईले पौष्टिक दूध दिन्छन्, अन्नदाता अग्निदेव, जल वर्षाउने सूर्यदेव, मिठो जलरूपी अमृत बोकेर निरन्तर

बगिरहने दिव्य झरनाहरू सबै ऋत र सत्यकै आधारमा चलिरहेका छन् (ऋक्. ४।३।९-१२) । आर्यजातिका दृष्टिमा ऋत र सत्य स्वयम् देवताका रूपमा थिए । तिनको पूजाप्रार्थना गरिन्थ्यो । ऋतकै शक्तिबाट उनीहरूले गाई र घोडाहरू प्राप्त गरेका थिए । ऋत वा सत्यको शक्ति ठुलो मान्दथे । तिनको प्रार्थनाले समृद्धि प्राप्त हुन्थ्यो र पाप नष्ट हुन्थ्यो । मानवजातिलाई उद्‌बोधन र प्रकाश प्रदान गर्थे । सद्‌बुद्धि प्रदान गर्थे । ऋत र सत्यको कीर्ति कान नसुन्ने बहिराहरूका कानसम्म पनि पुग्थ्यो । यी विश्वका विविध रमणीय वस्तुहरूमा मूर्तिमान् बन्दथे । यिनै ऋत वा सत्यकै आधारमा समस्त अन्नादि फल्दथे, सूर्यकिरण जलमा प्रविष्ट गरी आकाशमा लैजान्थे (ऋक्. ४।२३।८-१०) । ऋग्वैदिक आर्यजातिले सत्य वा ऋतकै आधारमा सिङ्गो संसार र अनेक लोकहरूको कल्पनासमेत गरेका छन् (ऋक्.१०।८५।१) । ऋग्वैदिक आर्यहरूले सत्य वा ऋत अर्थात् प्राकृतिकरूपले विद्यमान समस्त वस्तुमा, प्राकृतिक नियमद्वारा सञ्चालित धर्तीको समष्टिगत स्वरूप र त्यसअन्तर्गत उपलब्ध समस्त भौतिक/प्राकृतिक पदार्थमा ऋत वा सत्य अनुभूत गरेको व्यापक चिन्तन *ऋग्वेद*मा प्रतिबिम्बित गरी तत्कालीन मानवसमाजको चेतनास्तरलाई अभिव्यक्त गरेका छन् । यसप्रकार ऋत वा सत्य अर्थात् प्राकृतिक रूपमा यस संसारमा दृश्य, उपलब्ध, अनुभूत प्रकृतिजगत् र त्यसको समष्टिगत स्वरूपलाई सत्य ठान्ने र त्यसकै सहयोगमा यो जीवन र समाजलाई अग्रगति दिन सकिने वैदिककालीन समाजको ऋत वा सत्यबारेका चिन्तन विश्वदृष्टिका रूपमा विकसित भएको देखिन्छ।

## २.४ ऋग्वैदिक समाजको परम् लक्ष्य

*ऋग्वेद*का ऋचाहरूका आधारमा तत्कालीन समाजको अवस्थाका बारेमा बुझ्न र तिनको चिन्तन, आत्मिक-भौतिक विकास, तिनीहरूका आकाङ्क्षा, उद्देश्य र आदर्शहरूको पहिचान गर्न सकिन्छ । समाज विकासको प्रारम्भिक तहमा प्राकृतिक जीवनसभ्यताबाट क्रमशः उत्तरोत्तर विकास गर्दै गएका आर्यजातिको मानसिक, भौतिक तथा सामाजिक, सांस्कृतिक र आध्यात्मिक/दार्शनिक अवस्था, चेतना र तिनका परम् लक्ष्यहरू *ऋग्वेद*मा सङ्केतित छन् । तत्कालीन आर्यजाति प्राकृतिक र सामाजिक सङ्घर्षकै बिचबाट अघि बढेको देखिन्छ। सङ्घर्ष र श्रम जीवनकै पर्याय बनेको थियो । तसर्थ जसले श्रम गर्दैन त्यसलाई देवताले पनि प्रिय मान्दैनन् भनेर श्रमको सम्मान गरिएको पाइन्छ (ऋक्. १।३६।१४) । आर्यहरू प्रसन्नचित्तका साथ जीवन बाँच्न चाहन्थे र त्यसका लागि उदीयमान सूर्यको अवलोकन गरी उल्लासका साथ जीवनका प्रत्येक क्षण व्यतीत गर्न चाहन्थे (ऋक्.६।५२।५) । आर्यहरू जीवनको उच्चता, समृद्धि, शक्ति, सौभाग्य, सामर्थ्य, माधुर्य र सौन्दर्यको खोजीमा रहेका पाइन्छन् (ऋक्.२।२१।६) ।

यसरी वैदिक आर्यसमाजमा शाश्वत् विश्वदृष्टिको विकास भइरहेको पाइन्छ । यसैगरी तिनीहरूमा उत्साह, निर्भयता, वीरता र पराक्रमको भाव भरिएको थियो । उनीहरू राम्रा, उच्च र सत्कर्म गर्ने क्रममा बाधक बनेर उपस्थित हुने शत्रुमाथि आघात पुऱ्याउन चाहन्थे । त्यसक्रममा आफूहरू वीरोचित क्रोध र पराक्रमका साथ शत्रुउपर जाइलाग्थे र त्यसलाई ध्वस्त, विनष्ट पार्न सकौँ भन्ने आकाङ्क्षा उनीहरूमा रहन्थ्यो (ऋक्. १०।१५९।३) । त्यसका लागि आफू मात्र होइन, आफ्ना सन्तानहरू पनि शूरवीर बनून्, पराक्रमी होऊन् भन्ने कामना गर्दथे । आफ्ना पराक्रमी वीर सन्तानका सहयोगले शत्रुमाथि विजयी बन्न सफल होऊँ भन्ने कामना ऋचाहरूले प्रस्ट पारेका छन् (ऋक्. ९।६१।२३) । ऋग्वैदिककालीन समाजको चेतना सामाजिक र जातीय अभ्युत्थान लक्षित रहेको थियो र त्यो एक विचारधाराका रूपमा विकसित हुँदै थियो भन्ने देखिन्छ।

ऋग्वैदिक समाजको चिन्तनधारा व्यापक र समुन्नत थियो । उनीहरू वैयक्तिक लाभ वा प्राप्तिभन्दा माथि रहेर उदात्त चिन्तन र कर्ममा रत थिए भन्ने *ऋग्वेद*का ऋचाले सङ्केत गरेका छन् । उनीहरूले पृथ्वीलाई आफ्नी माता मानेका छन् (ऋक्. १।१६४।३३) । यो सिङ्गो जगत् वा पृथ्वी सत्यमा अडिएको विश्वास गरेका छन् (ऋक्. १०।८५।१) । मानिस जुनसुकै लक्ष्यप्राप्तिका लागि पनि जब मन केन्द्रित गर्छ र त्यसका लागि श्रम गर्न तत्पर छ भने त्यो प्राप्त गरेरै छाड्छ भन्ने विश्वास छ (ऋक्. ५।४४।८) । तत्कालीन आर्यहरूले मानिसका हृदयमा, कर्मका आसयमा र मनमा सदैव एकता र सामूहिक भावद्वारा नै सामुदायिक शक्तिको विकास हुन्छ भन्ने विश्वास राखेका छन् (ऋक्. १०।१९१।४) ।

यसरी *ऋग्वेद*कालीन समाजमा चिन्तनगतरूपमा अनेक विचारधारा हुँदाहुँदै पनि उनीहरूको परम् लक्ष्य भनेको समाजको उन्नति, प्रगति र समस्त संसारको कल्याणको कामना रहेको पाइन्छ । जीवनमा हामीहरू नवीनबाट नवीनतर र उत्कृष्टबाट उत्कृष्टतर बनेर बढिरहन सकौँ (ऋक्. १०।५९।१) भन्ने उद्देश्य रहेको छ । यस अनन्तानन्त विश्वप्रपञ्चको निर्माताका सङ्ख्यातीत गुणहरूको ज्ञान कसैले गर्न नसके पनि हामीलाई विश्वास छ कि यो सारा विश्वरचनाको एक मात्र उद्देश्य हाम्रो

कल्याण नै हो (ऋक्. ६।४५।३) । तसर्थ हामीलाई सदैव कल्याण प्राप्त होस् (ऋक्. ८।९३।२८) र सदैव मोद, प्रमोद र प्रसन्न मनस्थितिमा रहन पाऊँ भनेका छन् (ऋक्. ९।११३।११) । यसप्रकार ऋग्वैदिककालीन समाजको परम लक्ष्य हामीलाई सम्पत्ति, शक्ति, सामर्थ्य, चेतना, सौभाग्य, समृद्धि, निरोगिता, मधुर वाणीयुक्त जीवनसौन्दर्य प्राप्त होस् भन्ने रहेको छ (ऋक्. २।२१।६) । तसर्थ ऋग्वैदिककालीन समाजमा विकसित हुँदै गरेका विविध विचारधाराहरूमा समाज र जीवनको उत्तरोत्तर विकास र जीवनको पूर्णताप्राप्तितर्फको चिन्तन विश्वदृष्टिका रूपमा अभिव्यक्त भएको देखिन्छ ।

## ३. निष्कर्ष

पूर्वीय वाङ्मयजगत्मा *ऋग्वेद* सर्वप्राचीन ग्रन्थ मानिएको छ । त्यसमा तत्कालीन वैदिक आर्यजातिले यस चराचरजगत्, जीवन, समाज र सामाजिक क्रियाकलापद्वारा उत्तरोत्तर विकासका निम्ति गरेका यावत् प्रयास, चिन्तन र सम्भावनाहरू अभिलेखका रूपमा रहेका छन् । वेदका स्रष्टा वा मन्त्रद्रष्टा ऋषि-महर्षि र ऋषिकाद्वारा मानवसमाज विकासको त्यस प्राथमिक चरणमा प्रकृतिका सान्निध्यमा रहेर गरेका अनुभव, अनुभूति, ऋत वा सत्यप्रतिको उनीहरूको दृष्टिकोण, सामाजिक प्राप्ति र विकासका निम्ति आवश्यक कर्मतत्परता र सक्रियतालाई *ऋग्वेद*का ऋचाहरूमा अङ्कन गरिएको छ । वैदिक समाज ऋत वा सत्यकै आधारमा सञ्चालित रहेको छ । *ऋग्वेद*मा यावत् वस्तुहरूप्रतिको लगाव, उत्सुकता र जिज्ञासा प्रकट गरेका छन् । जीवन सञ्चालन र सामाजिक प्रगतिका निम्ति प्राप्त प्राकृतिक पौष्टिक आहारलाई दिव्यप्राप्ति र शक्तिको स्रोतका रूपमा लिँदै तिनको अर्चना गरेका छन् । प्राकृतिक तहमा विद्यमान दृश्य, श्रव्य, भोज्य, आश्वाद्य, पेय, अनुमेय र अनुभूत समस्त वस्तु वा पदार्थहरूलाई मानवीय जीवन र समाजको उन्नतिका अक्षुण्ण श्रोत मानेका छन् । विवेच्य ऋचाहरूका आधारमा *ऋग्वेद*मा मानवजीवन र समाजमा श्रम, एकता, सामूहिक कर्म, चिन्तन र समष्टिबोधी भावलाई प्राथमिकता दिइएको छ । सामर्थ्य आर्जनबाट सङ्घर्षद्वारा उच्च समृद्धि र ऐश्वर्य प्राप्त गरी समाजको उत्तरोत्तर प्रगतिको कामनाका साथ पूर्णता प्राप्तितर्फ अग्रसर रहनु ऋग्वेदकालीन समाजको परम् लक्ष्य देखिन्छ । अध्ययनका आधारमा संसार र जीवनको एकमात्र उद्देश्य र परम् लक्ष्य भनेको उत्तरोत्तर विकास रहेको छ र त्यसलाई अमृतत्त्वका रूपमा हेरेका छन् । तत्कालीन ऋग्वैदिक समाजमा विकसित विचारधारा वा चेतना सुदूर भविष्यसम्म मननीय, विचारणीय र अनुकरणीयसमेत बनेका देखिन्छन् । *ऋग्वेद*मा अभिव्यक्त विचारहरूले आधुनिक युग र वर्तमान समाजलाई समेत पथप्रदर्शन गरिरहेका र आत्मिक, भौतिक विकासद्वारा जीवन र समाजको उत्तरोत्तर विकासका मार्गमा अग्रगति लिएको देखिन्छ । तसर्थ सामाजिक अस्तित्व, समष्टिबोधी चिन्तन, उदात्त भावना, आदर्श, सामूहिकता, जगत्-जीवनबारेका दृष्टि *ऋग्वेद*का ऋचाहरूमा अभिव्यक्त भए पनि ती चिन्तन र विचारधारा क्रमशः विश्वदृष्टिका रूपमा विकसित भएर अभिव्यक्त भएका छन् ।

## सन्दर्भस्रोत

*ऋग्वेद*
गड्तौला, नारायणप्रसाद (२०६९). *वैदिक तथा पौराणिक साहित्य.* काठमाडौँ : प्रगति पुस्तक प्रकाशन प्रा.लि. ।
जैन, निर्मला (सन् १९९२). *साहित्य का समाजशास्त्रीय चिन्तन (दो.सं.).* दिल्ली : दिल्ली विश्वविद्यालय ।
पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्य के समाजशास्त्र की भूमिका (दो.सं.).* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।
भट्टराई, धनेश्वर (२०७३). *देवकोटाका महाकाव्यमा सामाजिक चेतना.* चितवन : देवकोटा बन्धु समाज ।
दिनकर, रामधारी सिंह (सन् २००८). *साहित्य और समाज.* इलाहवाद : लोक भारती प्रकाशन ।
लुइँटेल, तिलकप्रसाद (२०६३). 'भूमिका'. *ऋग्वेद.* अनु. तिलकप्रसाद लुइँटेल. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
शास्त्री, मङ्गलदेव (सन् २०१०). भारतीय संस्कृति का विकास. नयी दिल्ली : भारतीय ज्ञानपीठ ।